हङकङ विशेष प्रशासनिक क्षेत्रमा राष्ट्रिय सुरक्षाको संरक्षणमा जनवादी गणतन्त्र चीनको कानून

एक देश, दुई प्रणालीको संरक्षण स्थिरताको पुनर्स्थापना

हङकङ विशेष प्रशासनिक क्षेत्रमा राष्ट्रिय सुरक्षाको संरक्षणमा जनवादी गणतन्त्र चीनको कानून

घोषणा: यो पुस्तिकाले हङकङ विशेष प्रशासनिक क्षेत्रमा राष्ट्रिय सुरक्षाको संरक्षणमा जनवादी गणतन्त्र चीनको कानूनी कार्यान्वयनको पृष्ठभूमि परिचय गराउँछ, मुख्य विषयवस्तुको रूपरेखा दर्शाउदछ र कानूनको सन्दर्भमा केही सामान्य प्रश्नहरूको जवाफ दिन्छ ।

अनुवादित संस्करण सन्दर्भको लागि मात्र हो ।

अनुवादित संस्करण र मौलिक संस्करणको बीचमा कुनै भिन्नता भएमा, मौलिक संस्करण प्रबल हुनेछ ।

विवरण

हङकङका नागरिकहरू,

हङकङ विशेष प्रशासनिक क्षेत्र ("HKSAR") जनवादी गणतन्त्र चीन ("PRC") को स्थापनाको 23 औं वार्षिकोत्सव मनाउँदै गर्दा, नेशनल पिपुल्स कांग्रेस ("NPC") को स्थायी समितिले "हङकङ विशेष प्रशासनिक क्षेत्रमा राष्ट्रिय सुरक्षाको संरक्षणमा जनवादी गणतन्त्र चीनको कानून "("राष्ट्रिय सुरक्षा कानून") पारित गरेको छ र बेसिक ल (आधारभूत कानून)को धारा 18 अनुसार बेसिक ल (आधारभूत कानून)को अनुसूची III मा विधान सूचीबद्ध गरिएको छ । सोही दिन HKSAR मा जारी गरी कानून पनि लागू गरिएको छ । हाम्रो देशको सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता र सुरक्षाको संरक्षण गर्न हङकङको प्रणालीमा सुधार गर्नु ऐतिहासिक कदम हो । यसले "एक देश, दुई प्रणाली" लाई पुन:सही मार्गमा लग्न मद्दत गर्न स्पष्ट निर्देशन निर्धारण गर्दछ, र हङकङमा स्थिरता पुनर्स्थापनाको लागि आवश्यक र समयसापेक्ष निर्णयलाई प्रतिनिधित्व गर्दछ ।

विगत एक महिनादेखि मुख्यभूमिका अधिकारीहरू र कानुनी विज्ञहरू, मेरो शासक टोली र म, स्थानीय राजनीतिक तथा उद्योगपति र समाजका विभिन्न क्षेत्रका सदस्यहरूले विभिन्न दृष्टिकोणबाट व्याख्या गरेका छौँकि यो संवैधानिक, कानूनी, तर्कसंगत, र केन्द्रिय निकायहरुले हङकङको लागि राष्ट्रिय सुरक्षाको संरक्षण गर्न कानून लागु गर्नु उचित छ । कानूनको कार्यान्वयनले हङकङको उच्च स्तरको स्वायत्तता, न्यायिक स्वतन्त्रता र कानूनको शासनलाई असर गर्ने छैन । न्याय विभागले आफ्नो फौजदारी अभियोजन कार्यमा हस्तक्षेपबाट मुक्त रहिरहनेछ। हङकङका नागरिकहरूको वैधानिक अधिकार र हितलाई बेवास्ता गरिने छैन । कानूनले राष्ट्रिय सुरक्षा कानून अन्तर्गत राष्ट्रिय सुरक्षालाई गम्भीर रूपमा खतरामा पार्ने चार प्रकारका अपराध गर्ने अत्यन्तै सानो अल्पसंख्यक व्यक्तिहरूलाई मात्र लक्षित गर्दछ र बहुसंख्यक नागरिकको जीवन र सम्पत्ति, आधारभूत अधिकार र स्वतन्त्रताको रक्षा गर्दछ ।

राष्ट्रिय स्तरमा केन्द्रिय निकायहरुले हङकङको लागि राष्ट्रिय सुरक्षा कानून लागू गरेपछि अपमानजनक टिप्पणी र दानवीकरणको सार्थमा देश र विदेशमा संगठनहरू र व्यक्तिहरूबाट अपमानजनक टिप्पणीहरू र द्वेषपूर्ण

आक्रमणहरूको प्रशस्तता बढेको छ । यस बीचमा, म सबैलाई रोकिएर सोच्न आग्रह गर्दछु । केन्द्रिय जन सरकार (CPG) र HKSAR सरकार बाहेक अरू कसले "एक देश, दुई प्रणाली" को प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न दृढतापूर्वक कटिबद्ध छन्? विगत 23 वर्षमा, विदेशी राज्य वा बाह्य शक्तिको सट्टा हाम्रो देश होइन र, जसले हङकङलाई अन्तर्राष्ट्रिय वित्तीय, यातायात र व्यापारिक केन्द्रको रूपमा विकास गर्न सहयोग गरिरहेको छ? हालैका वर्षहरूमा, "हङकङको स्वतन्त्रता", "आत्म-निर्णय" र "जनमत संग्रह" को वकालत गरेर, र हङकङको मामिलामा विदेशी सरकारहरूद्वारा हस्तक्षेप वा हङकङ विरुद्ध प्रतिबन्ध लगाएर हङकङका जनताको हितलाई कसले बेवास्ता गरिरहेको छ? यी विनाशकारी कार्यहरू र गतिविधिहरूले हङकङलाई हाम्रो देशको राष्ट्रिय सुरक्षाको खाडलमा परिणत गरेको छ । हाम्रो शहरको समृद्धि र स्थायित्व पनि जोखिममा छ ।

राष्ट्रिय सुरक्षा कानून हङकङको गतिरोधबाट बाहिर निस्कने र अराजकताबाट सुव्यवस्था पुनर्स्थापित गर्नको लागि महत्त्वपूर्ण मोड हो । राष्ट्रिय सुरक्षा कानूनको कार्यान्वयनमा HKSAR सरकारको प्रमुख जिम्मेवारी छ, र यसलाई पूरा गर्न कुनै कसर बाँकी राख्ने छैन । राष्ट्रिय सुरक्षाको रक्षा गर्न कानुनी प्रणाली र प्रवर्तन संयन्त्रहरू स्थापना र सुधार गरेर, हङकङ दंगाबाट मुक्त रहन र स्थिरतामा फर्कन सक्षम हुनेछ । सँगै, हामी हङकङ पुनर्स्थापना गर्न र शहरको विकासलाई अगाडि बढाउन सक्छौं ।

Carrie Lam
प्रमुख कार्यकारी

हङकङ विशेष प्रशासनिक क्षेत्र

中华人民共和国第十三届全国人民代表大会第三次会

पृष्ठभूमि

- HKSAR भनेको PRC को एक अविभाज्य भाग हो ।
- HKSAR, PRC को स्थानीय प्रशासनिक क्षेत्र हुनेछ, जसले उच्च स्तरको स्वायत्तताको लाभ लिन सक्नेछ र सिधै CPG अन्तर्गत पर्नेछ ।
- आधारभूत कानून अन्तर्गत HKSAR को स्वायत्तताको सीमा बाहिरको रक्षा र विदेशी मामिलाहरू र अन्य मामिलाहरू सम्बन्धी राष्ट्रिय कानूनहरू आधारभूत कानूनको एनेक्स III मा सूचीबद्ध हुन सक्छन्, र यसरी सूचीबद्ध कुनै पनि कानून HKSAR द्वारा घोषणा वा कानूनको माध्यमबाट स्थानीय रूपमा लागू हुनेछ ।
- राष्ट्रिय सुरक्षा केन्द्रिय निकायको कार्यक्षेत्र भित्रको विषय हो । चाहे त्यो एकात्मक राज्य होस् वा संघीय, राष्ट्रिय सुरक्षा सम्बन्धी कानून स्थानीय सरकारहरूले भन्दा पनि केन्द्रिय निकायहरु (बाटै बनाइन्छ ।
- NPC राज्य शक्ति को उच्चतम निकाय हो, र यसको निर्णयहरूको उच्चतम कानूनी प्रभाव छ । राष्ट्रिय एकता र क्षेत्रीय अखण्डतालाई कायम राख्न, हङकङको समृद्धि र स्थिरता कायम राख्न र हङकङको इतिहास र वास्तविकतालाई ध्यानमा राखी, PRC ले जनवादी गणतन्त्र चीन (PRC को संविधान) को संविधानको धारा 31 को प्रावधान अनुसार HKSAR को स्थापना गरेको छ । PRC को संविधानको धारा 62 बमोजिम, HKSAR मा स्थापित हुने प्रणालीहरू NPC द्वारा लागू गरिएको कानूनद्वारा तोकिनेछ र NPC ले आधारभूत कानूनको कार्यान्वयनको निरीक्षण गर्ने शक्ति प्रयोग गर्दछ ।
- आधारभूत कानूनको धारा 23 केन्द्रिय निकायहरु र HKSAR बीचको सम्बन्धको प्रावधान हो । यसले राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने सात प्रकारका कार्य र गतिविधिहरूलाई निषेध गर्न हङकङले "आफैले कानून

बनाउने" भनेको छ । यो शक्ति प्रत्यायोजनमा धाराको सट्टा अनिवार्य प्रावधान हो। यसले HKSAR मा केन्द्रिय निकायहरुको विश्वास देखाउँछ, तर विश्वासको यो कार्यको अर्थ केन्द्रिय निकायहरुले उनीहरूको अधिकारमा रहेका राष्ट्रिय सुरक्षा मामिलाहरूमा आफ्नो शक्ति त्यागेको होइन ।

- कानूनको माध्यमबाट राष्ट्रिय सुरक्षाको संरक्षण गर्नु अन्तर्राष्ट्रिय अभ्यास अनुरूप छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धका साथै विश्वका अधिकांश मुलुकका संविधानहरू अन्तर्गत, राष्ट्रिय सुरक्षाको संरक्षणगर्ने उद्देश्यले केही आधारभूत अधिकार र व्यक्तिको स्वतन्त्रतामा कानूनद्वारा प्रतिबन्ध लगाउन सकिने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

- कानूनको माध्यमबाट राष्ट्रिय सुरक्षाको संरक्षण गर्नु अन्तर्राष्ट्रिय अभ्यास अनुरूप छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धका साथै विश्वका अधिकांश मुलुकका संविधानहरू अन्तर्गत, राष्ट्रिय सुरक्षाको संरक्षणगर्ने उद्देश्यले केही आधारभूत अधिकार र व्यक्तिको स्वतन्त्रतामा कानूनद्वारा प्रतिबन्ध लगाउन सकिने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

- 2003 मा, HKSAR सरकारले आधारभूत कानूनको धारा 23 लाई लागू गर्न राष्ट्रिय सुरक्षा (विधायिकी प्रावधान) विधेयक पेश गर्‍यो, तर कुनै फाइदा भएन । त्यसबेलादेखि, राष्ट्रिय सुरक्षामा स्थानीय कानूनको कार्यान्वयनलाई केही व्यक्तिहरूले गलत उद्देश्यका साथ गम्भीर रूपमा बदनाम र आलोचना गरिएको छ, जसले HKSAR सरकारलाई प्रासंगिक काम सुरु गर्न गाह्रो बनाएको छ । नतिजाको रूपमा, हङकङ लामो समयदेखि राष्ट्रिय सुरक्षाको संरक्षण को सन्दर्भमा "रक्षाविहीन" भएको छ र त्यसैले ठूलो जोखिमको सामना गरिरहेको छ ।

ShangriLa

हालका विकासहरू

- "एक देश, दुई प्रणाली" हङकङको दीर्घकालीन स्थायित्व सुनिश्चित गर्न सबैभन्दा राम्रो संस्थागत व्यवस्था हो । यद्यपि, हालैका वर्षहरूमा यसको कार्यान्वयनले HKSAR र केन्द्रिय अधिकारीहरू बीचको सम्बन्धमा चुनौतीहरू सहित धेरै नयाँ मुद्दाहरूको सामना गरेको छ, " राष्ट्रवाद " र "हङकङको स्वतन्त्रता" को उदयले चीन विरोधी भावनाले भरिएको र सरकारको नीतिहरू विरोध प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सामाजिक अशान्ति, जस्तै 2012 मा "राष्ट्रिय शिक्षा विरोध अभियान", 2014 मा राजनीतिक सुधारको विरोधमा "कब्जा आन्दोलन", 2016 मा "Mong Kok riot", 2019 मा फरार अपराधी अध्यादेशमा प्रस्तावित विधान संशोधनहरूको विरोधबाट उत्पन्न अवरोधहरू, आदि हुन् । त्यस्ता कार्य र गतिविधिहरूले सामाजिक व्यवस्थालाई गम्भीर रूपमा कमजोर पारेको छ, दुर्भावनापूर्ण रूपमा कट्टरपन्थी विचारहरू फैलाएको छ र हङकङका नागरिकहरू, विशेष गरी युवाहरूमा कानून पालन गर्ने चेतनालाई कमजोर बनाएको छ ।

- गत वर्ष जुनमा फरार अपराधी अध्यादेशमा प्रस्तावित विधायी संशोधनको विरोधबाट उत्पन्न अस्तव्यस्तता सुरु भएदेखि, हङकङ समुदायलाई आघात परेको छ । गैरकानुनी हतियार र विस्फोटक पदार्थहरूले आतंकवादी खतरखडा गर्दै दंगाकारीहरूद्वारा हिंसा बढेको छ । "हङकङको स्वतन्त्रता" र "आत्म-निर्णय" को वकालत गर्ने विपक्षी दल र संगठनहरूले केन्द्रीय अधिकारीहरू र HKSAR सरकारको अधिकारलाई स्पष्ट रूपमा चुनौती दिएका छन्, हङकङको मामिलामा बाह्य पक्षहरूद्वारा हस्तक्षेपको लागि बिन्ती गरे र हङकङ विरुद्ध प्रतिबन्धको लागि बिन्ती गरे र यसरी हङकङ जनता र हाम्रो देशको हितलाई बेवास्ता गरे । यसैबीच, बाह्य पक्षहरूले हङकङको आन्तरिक मामिलामा आफ्नो हस्तक्षेपलाई तीब्र बनाएका छन्, हङकङको मानवअधिकार, लोकतन्त्र वा स्वायत्ततासँग सम्बन्धित कानूनहरू पारित गरेका छन् र कट्टरपन्थीहरूको गैरकानूनी कार्यलाई स्पष्ट रूपमा महिमा गरेका छन्, ती सबैले हाम्रो राष्ट्रको सार्वभौमसत्ता, सुरक्षा र विकास हितलाई गम्भीर रूपमा खतरामा पारेका छन् ।

- गत वर्ष जुनमा फरार अपराधी अध्यादेशमा प्रस्तावित विधायी संशोधनको विरोधबाट उत्पन्न अस्तव्यस्तता सुरु भएदेखि, हङकङ समुदायलाई आघात परेको छ । गैरकानुनी हतियार र विस्फोटक पदार्थहरूले आतंकवादी खतरखडा गर्दै दंगाकारीहरूद्वारा हिंसा बढेको छ । "हङकङको स्वतन्त्रता" र "आत्म-निर्णय" को वकालत गर्ने विपक्षी दल र संगठनहरूले केन्द्रीय अधिकारीहरू र HKSAR सरकारको अधिकारलाई स्पष्ट रूपमा चुनौती दिएका छन्, हङकङको मामिलामा बाह्य पक्षहरूद्वारा हस्तक्षेपको लागि बिन्ती गरे र हङकङ विरुद्ध प्रतिबन्धको लागि बिन्ती गरे र यसरी हङकङ जनता र हाम्रो देशको हितलाई बेवास्ता गरे । यसैबीच, बाह्य पक्षहरूले हङकङको आन्तरिक मामिलामा आफ्नो हस्तक्षेपलाई तीब्र बनाएका छन्, हङकङको मानवअधिकार, लोकतन्त्र वा स्वायत्ततासँग सम्बन्धित कानूनहरू पारित गरेका छन् र कट्टरपन्थीहरूको गैरकानूनी कार्यलाई स्पष्ट रूपमा महिमा गरेका छन्, ती सबैले हाम्रो राष्ट्रको सार्वभौमसत्ता, सुरक्षा र विकास हितलाई गम्भीर रूपमा खतरामा पारेका छन् ।

कानूनको मुख्य विषयवस्तु

विधानको उद्देश्य स्पष्ट रूपमा उल्लेख गरिएको छ

- "एक देश, दुई प्रणाली", "हङकङ प्रशासनको लागि हङकङको जनता" र उच्च स्तरको स्वायत्तता, राष्ट्रिय सुरक्षाको रक्षा गर्न, र HKSAR सम्बन्धी अपराधहरूलाई रोक्न, दमन र सजाय दिनका सिद्धान्तहरूलाई पूर्ण र इमान्दारीपूर्वक कार्यान्वयन गर्न, पृथकीकरणका कार्यहरू, राज्य शक्तिको विध्वंस, आतंककारी गतिविधिहरू व्यवस्थित गर्ने र सञ्चालन गर्ने, र राष्ट्रिय सुरक्षालाई खतरामा पार्न विदेशी वा बाह्य पक्षहरूसँग मिलेर काम गर्ने हो ।

मानव अधिकार र स्वतन्त्रताको संरक्षण

- राष्ट्रिय सुरक्षा कानूनले स्पष्ट रूपमा उल्लेख गरेको छ कि HKSAR ले आधारभूत कानून अन्तर्गत हङकङका जनताको अधिकार र स्वतन्त्रताको रक्षा साथै हङकङमा लागू हुने नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र हङकङमा लागू हुने अन्तर्राष्ट्रिय अनुबन्ध, प्रेस, प्रकाशन, संघ, सम्मेलनको स्वतन्त्रता लगायतका सान्दर्भिक प्रावधानहरू , जुलुस र प्रदर्शन गर्नको लागि हो ।

विधिको शासनको प्रभावकारी कार्यान्वयन

- निम्न कानूनको शासनका महत्त्वपूर्ण सिद्धान्तहरू छन् जुन पालना गर्नुपर्छ, जसमा:

  - अपराधहरूको दोष निरूपण र सजायलाई कानूनमा राम्रोसँग परिभाषित हुनुपर्छ: कानून बमोजिम अपराध हुने कार्य गर्ने व्यक्तिलाई कानून बमोजिम दोषी ठहरिनेछ र सजाय हुनेछ । कानून बमोजिम कसुर नहुने कार्यमा कसैलाई पनि दोषी ठहर गरी सजाय दिइने छैन ।

  - निर्दोषताको अनुमान: न्यायिक निकायले दोषी ठहर नगरेसम्म व्यक्तिलाई निर्दोष मानिन्छ ।

- नन् बीस् इन आईदम: कुनै पनि कसूरको लागि जुन अपराधको लागि उनी अन्ततः दोषी वा न्यायिक कारबाहीहरुमा निर्दोष भइसकेका छन् भने पुन: सजायको लागि जिम्मेवार हुनेछैन ।

- निष्पक्ष सुनुवाइको हक: आफ्नो वा आफूलाई बचाउने अधिकार र न्यायिक कारबाहीहरुमा अन्य अधिकारहरू जुन आपराधिक संदिग्ध, प्रतिवादी र न्यायिक कारबाहीहरुमा रहेका अन्य पक्षहरूले कानून बमोजिम सुरक्षित हुनेछन् ।

- गैर-पूर्ववाचकता: राष्ट्रिय सुरक्षा कानून यसको प्रारम्भ पछिका कार्यहरूमा मात्र लागू हुन्छ ।

राष्ट्रिय सुरक्षाको संरक्षणका लागि HKSAR को कर्तव्य र सरकारी निकायहरू

- HKSAR सम्बन्धी राष्ट्रिय सुरक्षा मामिलाहरू का लागि CPG को प्रमुख जिम्मेवारी छ ।

- HKSAR को राष्ट्रिय सुरक्षाको संरक्षण गर्ने संवैधानिक कर्तव्य हो र यसले तदनुसार कर्तव्य पूरा गर्नेछ - कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले सम्बन्धित कानून बमोजिम राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने कार्यहरू र गतिविधिहरूलाई प्रभावकारी रूपमा रोक्न, दमन र दण्डित गर्नुपर्छ ।

- HKSAR ले आधारभूत कानूनमा(बेसिक ल) उल्लेख भए बमोजिम राष्ट्रिय सुरक्षाको लागि जतिसक्दो चाँडो कानून निर्माण गर्नेछ र सम्बन्धित कानूनहरूलाई परिमार्जन गर्नेछ ।

- HKSAR मा राष्ट्रिय सुरक्षाको संरक्षणको लागि मुख्य जिम्मेवारी लिन HKSAR को प्रमुख कार्यकारीको अध्यक्षतामा राष्ट्रिय सुरक्षाको लागि समिति गठन गरिनेछ । यो CPG को पर्यवेक्षण अन्तर्गत हुनेछ र उत्तरदायी हुनेछ ।

कानूनको विधिको पूर्ण अनुभूति

- अपराधहरुको दोष निरूपण र सजायलाई कानूनमा राम्रोसँग परिभाषित गरिनेछ
- निर्दोषताको अनुमान
- दोहोरो जोखिम विरुद्ध सुरक्षा
- निष्पक्ष परीक्षण
- पूर्वव्यापी शक्ति छैन

- समितिका सदस्यहरूमा प्रशासनका मुख्य सचिव, आर्थिक सचिव, न्याय सचिव, सुरक्षा सचिव, प्रहरी आयुक्त, राष्ट्रिय सुरक्षा कानूनको धारा 16 अन्तर्गत स्थापित हङकङ प्रहरी बलको राष्ट्रिय सुरक्षाको संरक्षणका लागि विभागको प्रमुख, अध्यागमन निर्देशक, भन्सार तथा अन्त शुल्क आयुक्त र प्रमुख कार्यकारीको कार्यालयका निर्देशक गर्दछ । समिति अन्तर्गतको सचिवालयको नेतृत्व महासचिवले गर्ने छ, जसलाई प्रमुख कार्यकारीले मनोनयन गरेपछि CPG ले नियुक्त गर्नेछ ।

- HKSAR को राष्ट्रिय सुरक्षाको संरक्षणका लागि समितिको कर्तव्यहरू HKSAR मा राष्ट्रिय सुरक्षाको सम्बन्धमा घटनाक्रमको विश्लेषण र मूल्याङ्कन, काम र महत्वपूर्ण कार्यहरू र नीतिहरूको निर्माण, कानूनी प्रणाली र प्रवर्तन संयन्त्रको विकासको, र प्रमुख समन्वयको लागि हो ।

- समिति आफ्नो कर्तव्य पूरा गर्न कुनै पनि हस्तक्षेपबाट मुक्त हुनेछ र आफ्नो काम सम्बन्धी जानकारी जनतालाई खुलासा गरिने छैन । समितिले गरेको निर्णय न्यायिक समीक्षाको लागि उपयुक्त हुने छैन ।

- HKSAR को राष्ट्रिय सुरक्षा संरक्षण समितिमा एक राष्ट्रिय सुरक्षा सल्लाहकार हुनेछ, जसलाई CPG द्वारा तोकिएको छ । राष्ट्रिय सुरक्षा सल्लाहकारले समितिको बैठकमा बसेर सम्बन्धित विषयमा सल्लाह दिनेछ ।

- राष्ट्रिय सुरक्षा कानूनको प्रमुख प्रवर्तन अधिकारीहरूको रूपमा, हङकङ प्रहरी बल र HKSAR सरकारको न्याय विभागले राष्ट्रिय सुरक्षा मामिलाहरू सम्हाल्न समर्पित विभागहरु स्थापना गर्नेछन् ।

- आर्थिक सचिवले प्रमुख कार्यकारी अधिकृतको स्वीकृतिमा सामान्य राजस्वबाट उपयुक्त हुने गरी राष्ट्रिय सुरक्षाको संरक्षणका लागि खर्च व्यहोर्ने र प्रचलित कानूनमा कुनै पनि प्रतिबन्ध नपर्ने गरी सम्बन्धित पदको स्थापना गर्न विशेष कोष खडा गर्नेछ । आर्थिक सचिवले यस प्रयोजनको लागि कोषको नियन्त्रण र व्यवस्थापन सम्बन्धी वार्षिक प्रतिवेदन व्यवस्थापिकामा पेश गर्नेछ ।

राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने चार प्रकारका अपराधहरू र तिनीहरूको दण्डको व्यवस्था

- CPG ले HKSAR मा CPG को राष्ट्रिय सुरक्षाको संरक्षणका लागि कार्यालय राष्ट्रिय सुरक्षाले विभिन्न विषयहरूलाई समेट्छ। राजनीतिक सुरक्षा, क्षेत्रीय सुरक्षा र सैन्य सुरक्षा जस्ता परम्परागत सुरक्षा विषयहरू बाहेक, यसमा वित्तीय सुरक्षा, जैविक सुरक्षा र साइबर सुरक्षा पनि समावेश छ।

- राष्ट्रिय सुरक्षा कानूनको उद्देश्य हाल हङहङमा सबैभन्दा गम्भीर र प्रमुख जोखिमहरूलाई सम्बोधन गर्नु हो, र कानून उल्लंघन गर्नेहरूको अत्यन्त सानो अल्पसंख्यकलाई मात्र लक्षित गर्दछ।

- राष्ट्रिय सुरक्षा कानून, कसुर र दण्डको अध्याय 3, अपराध र सम्बन्धित दण्डहरूको विशेष तत्वहरू प्रदान गर्दछ, पृथकीकरण, राज्यसत्ताको विध्वंस, आतंकवादी गतिविधि र राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने विदेशी वा बाह्य शक्तिसँगको साँठगाँठ जस्ता चार प्रकारका अपराधहरूमा अन्य दण्ड र तिनको वैधताका क्षेत्रहरू हुन्।

- विवरणहरूको लागि, कृपया सरकारको वेबसाइटमा अपलोड गरिएको राष्ट्रिय सुरक्षा कानूनको सान्दर्भिक प्रावधानहरू (धारा 20 देखि 39) हेर्नुहोस्।

मुद्दाहरूको अधिकार क्षेत्रको प्रावधान, कानूनको लागूता र कानुनी प्रक्रियाहरू

- निर्दिष्ट परिस्थितिहरूमा बाहेक, HKSAR सँग राष्ट्रिय सुरक्षा कानून अन्तर्गत अपराधहरू सम्बन्धी मुद्दाहरूमा अधिकार क्षेत्र छ। HKSAR को क्षेत्राधिकार अन्तर्गतका मुद्दाहरूको लागि, राष्ट्रिय सुरक्षा कानून र HKSAR का कानूनहरू आपराधिक अनुसन्धान, अभियोजन, परीक्षण र दण्डको कार्यान्वयन लगायतका प्रक्रियागत मामिलाहरूमा लागू हुनेछन्।

- राष्ट्रिय सुरक्षा मामिलाहरू ह्यान्डल गर्दा, हङकङ प्रहरी बल अन्तर्गत राष्ट्रिय सुरक्षाको सुरक्षाको लागि जिम्मेवार विभागले HKSAR मा लागू कानूनहरू वा राष्ट्रिय सुरक्षा कानून अन्तर्गत अन्य निर्धारित उपायहरू अन्तर्गत गम्भीर अपराधहरूको अनुसन्धान गर्न अनुमति दिइएको उपायहरू लिन सक्छ, संदिग्ध व्यक्तिलाई उचित आधारमा प्रमुख कार्यकारीको स्वीकृतिमा सञ्चारको अवरोध र गोप्य निगरानी गर्ने, राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने अपराधमा संलग्न भएको, परिसरको खोजी गर्ने, सम्बन्धित संस्था वा व्यक्तिहरूलाई प्रश्नहरूको जवाफ दिन र जानकारी उपलब्ध गराउन वा मेटाउन आवश्यक पर्ने, इत्यादि हो। राष्ट्रिय सुरक्षा कानून अन्तर्गत, HKSAR को राष्ट्रिय सुरक्षा सुरक्षा समितिलाई माथिका उपायहरू लागू गर्ने उद्देश्यका लागि सान्दर्भिक कार्यान्वयन नियमहरू बनाउन अधिकृत हुनेछ।

- न्याय विभाग अन्तर्गतको एक समर्पित विभाग राष्ट्रिय सुरक्षा अपराधहरूको अभियोजनको लागि जिम्मेवार छ। न्याय सचिवको लिखित स्वीकृति बिना, राष्ट्रिय सुरक्षा मुद्दामा मुद्दा चलाउन पाइने छैन। न्याय सचिवले, राष्ट्रिय गोप्य कुराहरूको रक्षा गर्ने जस्ता कारणहरूका लागि, सम्बन्धित मुद्दालाई निर्णायक बिना नै चलाउनको लागि प्रमाणीकरण जारी गर्न सक्छ। निर्णायक विना पहिलो पटकको अदालतमा मुद्दा चल्ने भएमा तीनजना न्यायाधीश रहेको अदालत गठन गर्नुपर्छ ।

- सबै तहका अदालतबाट तोकिएका न्यायाधीशहरू राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने अपराधहरू समावेश भएका मुद्दाहरूको सुनुवाइका लागि जिम्मेवार हुन्छन्। राष्ट्रिय गोप्य कुराहरू समावेश नभएसम्म, मुद्दाको सुनुवाइ खुल्ला अदालतमा हुनेछ र सबै निर्णयहरू सार्वजनिक गरिनेछ। "निर्वाचित न्यायाधीशहरू" सबै तहका अदालतका न्यायाधीशहरूबाट मुख्य कार्यकारीद्वारा मनोनीत गरिनु पर्छ जसले HKSAR को राष्ट्रिय सुरक्षा सुरक्षा समिति र अन्तिम पुनरावेदन अदालतका मुख्य न्यायाधीशसँग परामर्श गर्न सक्छन्।

- निर्दिष्ट परिस्थितिहरूले HKSAR सरकार वा HKSAR मा CPG को राष्ट्रिय सुरक्षाको सुरक्षाको लागि कार्यालय द्वारा अनुमोदनको लागि CPG लाई रिपोर्ट गरिएको निम्न तीन प्रकारका परिस्थितिहरू मध्ये कुनै एकलाई जनाउँछ:

  1. विदेशी देश वा बाह्य तत्वहरूको संलग्नताका कारण मुद्दा जटिल छ,

  जसले गर्दा HKSAR लाई मुद्दामा अधिकार क्षेत्र प्रयोग गर्न गाह्रो हुन्छ;

  2. HKSAR सरकारले राष्ट्रिय सुरक्षा कानूनलाई प्रभावकारी रूपमा लागू

  गर्न नसक्दा गम्भीर अवस्था उत्पन्न हुन्छ; वा

  3. राष्ट्रिय सुरक्षामा ठूलो र आसन्न खतरा उत्पन्न भएको छ।

- उपरोक्त परिस्थितिहरूमा, राष्ट्रिय सुरक्षामा HKSAR मा रहेको CPG को कार्यालयले (तल हेर्नुहोस्) राष्ट्रिय सुरक्षा कानून अन्तर्गतका मुद्दाहरूमा अधिकार क्षेत्र प्रयोग गर्नेछ। क्षेत्राधिकार प्रयोग गर्दा, कार्यालयले मुद्दामा अनुसन्धान सुरु गर्नेछ, सर्वोच्च जन अधिवक्ताले यसलाई अभियोजन गर्न अभियोजन निकाय नियुक्त गर्नेछ, र सर्वोच्च जनअदालतले न्याय गर्नको लागि अदालत तोक्नेछ।

राष्ट्रिय सुरक्षामा HKSAR मा CPG को कार्यालय

- CPG ले HKSAR मा CPG को राष्ट्रिय सुरक्षाको संरक्षणका लागि कार्यालय स्थापना गर्नेछ । कार्यालयले HKSAR मा राष्ट्रिय सुरक्षाको संरक्षणका गर्ने सम्बन्धमा भएका घटनाक्रमहरूको विश्लेषण र मूल्याङ्कन गर्न र राष्ट्रिय सुरक्षाको संरक्षणका लागि प्रमुख रणनीतिहरू र महत्त्वपूर्ण नीतिहरूमा रायहरू प्रदान गर्ने र प्रस्तावहरू बनाउन जिम्मेवार हुनेछ । राष्ट्रिय सुरक्षाको संरक्षणका लागि HKSAR लाई आफ्नो कर्तव्यहरू पूरा गर्नको लागि निरीक्षण, निर्देशन, समन्वय र सहयोग प्रदान गर्ने; राष्ट्रिय सुरक्षा सम्बन्धी गुप्तचर र जानकारी सङ्कलन र विश्लेषण; र निर्दिष्ट परिस्थितिहरूमा राष्ट्रिय सुरक्षा कानून बमोजिम राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने अपराधहरू सम्बन्धी मुद्दाहरू ह्यान्डल गर्ने (मार्थि हेर्नुहोस्) ।

- कार्यालयका कर्मचारीहरूले राष्ट्रिय कानूनका साथै HKSAR का कानूनहरूको पालना गर्नेछन्, र राष्ट्रिय पर्यवेक्षक अधिकारीहरूको निरीक्षणको अधीनमा हुनेछन् ।

- कार्यालयले HKSAR को राष्ट्रिय सुरक्षा संरक्षण समितिसँग समन्वय गर्ने संयन्त्र स्थापना गर्नेछ र HKSAR का सम्बन्धित अधिकारीहरूसँग सूचना आदानप्रदान र सञ्चालन समन्वय बढाउनको लागि संयन्त्र स्थापना गर्नेछ ।

- कार्यालय CPG द्वारात्त पोषित हुनेछ ।

बारम्बार सोधिने प्रश्नहरू

1

केन्द्रीय निकायहरुले राष्ट्रिय सुरक्षाको संरक्षण गर्न HKSAR को लागि कानून बनाउनुको लागि कदम चाल्नु, के यसले आधारभूत कानूनको धारा 23 को उल्लङ्घन गर्छ र "एक देश, दुई प्रणाली" को सिद्धान्तलाई कमजोर बनाउँछ?

यसको जवाफ पक्कै पनि "होइन" हो । राष्ट्रिय सुरक्षा जहिले पनि केन्द्रीय प्राधिकरणको कार्यक्षेत्रमा पर्ने विषय भएको छ । आधारभूत कानूनको धारा 23 ले राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने सात प्रकारका कार्य र गतिविधिहरूलाई निषेध गर्न हङकङले "आफैले कानुन बनाउने" उल्लेख गरेको छ । तैपनि, हङकङलाई हस्तान्तरण भएको 23 वर्ष भइसक्यो तर धारा 23 अन्तर्गतको कानुन पूर्णरुपले लागु भएको छैन । गत वर्ष जून देखि हङकङको अवस्थाको हालैको विकासले राष्ट्रिय सुरक्षाको संरक्षणमा हङकङमा रहेका कानुनी कमजोरीहरू र वास्तविक जोखिमहरूलाई पूर्ण रूपमा उजागर गरेको छ ।यो अवस्थामा केन्द्रीय निकायहरुले आँखा चिम्लेर बस्न असम्भव छ ।

राष्ट्रिय सुरक्षाको संरक्षण गर्नु र जनताको जीवन, सम्पत्ति, अधिकारहरु र स्वतन्त्रताको रक्षा गर्नु सबै केन्द्रीय निकायहरुको दायित्व हो। NPC द्वारा 28 मे मा पारित "HKSAR को राष्ट्रिय सुरक्षाको संरक्षणका लागि कानूनी प्रणाली र

प्रवर्तन संयन्त्र स्थापना र सुधार गर्ने निर्णय" को धारा 3 ले NPC द्वारा पारित गरेको राष्ट्रिय सुरक्षा कानून जतिसक्दो चाँडो पूरा गर्नुपर्छ भन्ने कुरामा जोड दिन्छ । राष्ट्रिय सुरक्षा कानूनले HKSAR ले धारा 23 अन्तर्गत कानूनको कार्यान्वयन पूरा गर्ने आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ भनी दोहोर्‍याउँछ । विधायी कार्य पूरा भएपछि, NPC स्थायी समिति द्वारा लागू गरिएको राष्ट्रिय सुरक्षा कानून र HKSAR को कानूनले HKSAR मा राष्ट्रिय सुरक्षाको संरक्षणको लागि कानूनी सुरक्षा ढाँचा गठन गर्नेछ ।

केन्द्रीय निकायहरुले "एक देश, दुई प्रणाली" को सिद्धान्तलाई दृढतापूर्वक समर्थन गर्छन् । हङकङ समाजले "एक देश" र "दुई प्रणाली" बीचको सम्बन्धलाई राम्ररी बुझ्नपर्छ । "एक देश" "दुई प्रणाली" को जग हो, र यदि क्षेत्रीय अखण्डतासँग सम्झौता भयो र राष्ट्रिय सुरक्षा खतरामा पर्यो भने यो जग गम्भीर रूपमा हल्लिनेछ । यसको विपरित राष्ट्रिय सुरक्षाको संरक्षणको सिमा रेखा जति बलियो हुन्छ, 'एक देश, दुई प्रणाली' अन्तर्गत विकासको लागि उति ठूलो ठाउँ हुन्छ ।

2

के राष्ट्रिय सुरक्षा कानूनले हङकङका बासिन्दाहरूले उपभोग गर्न पाएका जुलुस, प्रदर्शन, प्रेस र भाषणको आधारभूत अधिकार र स्वतन्त्रतालाई कमजोर बनाउँछ?

होइन । राष्ट्रिय सुरक्षा ऐनले राष्ट्रिय सुरक्षालाई गम्भीर रूपमा जोखिममा पार्ने चार प्रकारका कार्य र गतिविधिमा मात्रै काण्ड लगाउने व्यवस्था गरेको छ । यसले हङकङका नागरिकहरूले वैध रूपमा उपभोग गरेका आधारभूत अधिकार र स्वतन्त्रताहरूलाई प्रतिकूल असर नगरी अत्यन्तै सानो अल्पसंख्यकलाई लक्षित गर्दछ । यी अधिकारहरू प्रयोग गर्दा, हङकङका बासिन्दाहरू वा पत्रकारहरूले पृथकीकरण, राज्य शक्तिको विध्वंस, संगठन र आतंकवादी गतिविधिहरू सञ्चालन गर्ने र राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने विदेशी वा बाह्य पक्षहरूसँग मिलेर परिभाषित गरिए अनुसारको अपराधको उल्लङ्घन नगरेसम्म चिन्ता लिनु पर्दैन ।

राष्ट्रिय सुरक्षा ऐन अन्तर्गत मानव अधिकारको सम्मान र संरक्षण गर्ने सिद्धान्तलाई राष्ट्रिय सुरक्षा र सरकारी नीति वा अधिकारीहरूको आलोचना गर्ने सामान्य टिप्पणी गर्ने जस्ता आफ्नो अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्ने हङकङका नागरिकहरूको वैधानिक अधिकारमा सम्झौता गर्नु हुँदैन ।

यद्यपि यो ध्यान दिनु सान्दर्भिक छ कि नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र विश्वका अधिकांश देशहरूको संविधानमा केही आधारभूत अधिकार र स्वतन्त्रताहरू स्पष्ट रूपमा उल्लेख गरिएको छ। राष्ट्रिय सुरक्षाको संरक्षणको लागि व्यक्तिहरूलाई कानूनद्वारा प्रतिबन्धित गर्न सकिन्छ ।

राष्ट्रिय जन कांग्रेसले HKSAR को लागि राष्ट्रिय सुरक्षाको संरक्षणको गर्न कानून बनाउने निर्णय गरेको छ

- राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने कार्य र गतिविधिहरूको अत्यन्तै सानो अल्पसंख्यकलाई लक्षित गर्दै
- बहुसंख्यक नागरिकको जीवन र सम्पत्ति, आधारभूत अधिकार र स्वतन्त्रताको संरक्षण गर्ने

हङकङका नागरिकहरूले अभिव्यक्ति , प्रेस, भेला, प्रदर्शन, जुलुस र हङकङमा प्रवेश गर्ने वा छोड्ने वैध स्वतन्त्रताको आनन्द लिन जारी राख्नेछन् ।

3

राष्ट्रिय सुरक्षा कानूनले विदेशी वा बाह्य शक्तिहरूसँग मिलेमतोलाई लक्षित गर्दछ। के कानूनले हङकङका नागरिकहरू, संस्थाहरू, वा निगमहरू र तिनीहरूका विदेशी समकक्षहरू बीचको शैक्षिक आदानप्रदान, धार्मिक सम्पर्कहरू, सांस्कृतिक आदानप्रदान, व्यापार, र लगानी, इत्यादि सम्बन्धमा गतिविधिहरूलाई असर गर्छ?

होइन । हङकङका नागरिकहरूको आधारभूत अधिकार र स्वतन्त्रता, HKSAR मा प्रवेश गर्ने वा छोड्ने स्वतन्त्रता, विवेकको स्वतन्त्रता, शैक्षिक अनुसन्धानमा संलग्न हुने स्वतन्त्रता, साहित्यिक र कलात्मक सिर्जना, र अन्य सांस्कृतिक गतिविधिहरू, आधारभूत कानूनद्वारा सुरक्षित छन् र प्रभावित हुने छैनन् । राष्ट्रिय सुरक्षा कानून अन्तर्गत तोकिए बमोजिम विदेशी वा बाह्य शक्तिहरूसँग मिलेमतो गर्ने राष्ट्रिय सुरक्षा अपराधले कानून अन्तर्गत स्पष्ट रूपमा परिभाषित गरिएका विशेष कार्यहरूलाई मात्र जनाउँछ । यसले व्यक्ति, संस्था वा निगमहरू र तिनीहरूका विदेशी वा बाह्य समकक्षहरू बीचको सामान्य आदानप्रदान गतिविधिहरूलाई असर गर्दैन, न त यसले कसैलाई अनजानमा कानून उल्लङ्घन गर्न प्रेरित गर्नेछ ।

4

किन HKSAR ले प्राथमिक जिम्मेवारी मात्र बहन गर्छ राष्ट्रिय सुरक्षाको संरक्षणको लागि पूर्ण जिम्मेवारी नलिने? किन केन्द्रिय अधिकारीहरूले "निर्दिष्ट परिस्थितिहरू" अन्तर्गत केही मुद्दाहरूमा क्षेत्राधिकार कायम राख्छन्?

राष्ट्रिय सुरक्षा केन्द्रिय निकायको कार्यक्षेत्र भित्रको विषय हो । सबै सार्वभौम राज्यहरूमा, केन्द्रिय सरकारले राष्ट्रिय सुरक्षाको मुख्य जिम्मेवारी -वहन गर्छ र राष्ट्रिय सुरक्षा मामिलाहरूको केन्द्रीकृत व्यवस्थापनको लागि जिम्मेवार हुन्छ ।

"एक देश, दुई प्रणाली", "हङकङ प्रशासन गर्ने हङकङ जनता" र उच्च स्तरको स्वायत्तताको कार्यान्वयनमा, HKSAR ले राष्ट्रिय सुरक्षाको संरक्षण गर्ने प्राथमिक जिम्मेवारी वहन गर्छ। यसले HKSAR मा केन्द्रिय अधिकारीहरूको पूर्ण विश्वास देखाउँछ । यद्यपि, विश्वासको यो कार्यको अर्थ केन्द्रिय अधिकारीहरूले राष्ट्रिय सुरक्षाको सन्दर्भमा आफ्नो जिम्मेवारी र शक्ति त्यागेको होइन । वास्तवमा, "निर्दिष्ट परिस्थितिहरू" अन्तर्गत राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने अपराधहरूको सन्दर्भमा, HKSAR मा कानून प्रवर्तन र न्यायिक अंगहरूलाई क्षेत्राधिकार प्रयोग गर्न गाह्रो भएको घटनाहरू हुन सक्छन् ।

उदाहरणका लागि, जटिल परिस्थितिहरूमा जहाँ केही विदेशी संस्थाहरू वा संगठनहरू मुद्दामा गहिरो संलग्न छन्, वा जब राष्ट्रिय रक्षा र सैन्य मामिलाहरू संलग्न हुन्छन्, वा जहाँ कूटनीतिक विवाद उत्पन्न हुन्छ, HKSAR एक्लैले राम्रोसँग छानबिन गर्न र सम्हाल्न गाह्रो हुन्छ । जहाँ मुद्दाहरू स्थानीय कानून प्रवर्तन

अधिकारीहरूको क्षमताभन्दा बाहिर छन्, केन्द्रिय निकायहरुले तिनीहरू माथि क्षेत्राधिकार प्रयोग गर्नु अनिवार्य छ । राष्ट्रिय सुरक्षा कानून अन्तर्गत, केन्द्रिय निकायहरुले क्षेत्राधिकार प्रयोग गर्न आवश्यक पर्ने मुद्दाहरूलाई वस्तुनिष्ठ मापदण्ड प्रयोग गरी परिभाषित गरिएको छ । यो अत्यन्त विवेकसँग व्यवहार गरिन्छ ।

यसबाहेक, केन्द्रिय निकायहरुले "निर्दिष्ट परिस्थितिहरू" अन्तर्गत केही केसहरूमा क्षेत्राधिकार कायम राख्नको कारण सबैभन्दा चरम परिस्थितिहरूबाट बच्नु हो जसमा माभिलाहरू HKSAR सरकारको नियन्त्रण बाहिर छन् जसमा आधारभूत कानूनको धारा 18(4) लाई प्रयोग गर्न आवश्यक छ जसमा NPC स्थायी समितिले HKSAR आपतकालीन अवस्थामा छ भनी निर्णय गर्छ र CPG ले HKSAR मा सम्बन्धित राष्ट्रिय कानूनहरू लागू गर्ने आदेश जारी गर्न सक्छ ।

5

के केन्द्रीय निकायहरुद्वारा "निर्दिष्ट परिस्थितिहरूमा" क्षेत्राधिकार कायम राख्ने व्यवस्था र राष्ट्रिय सुरक्षा मुद्दाहरूको फैसला गर्न प्रमुख कार्यकारीद्वारा न्यायाधीशहरूको नियुक्तिको अर्थ HKSAR को न्यायपालिकामा अविश्वास हो? र के यसले हङकङको न्यायिक स्वतन्त्रतालाई कमजोर बनाउँछ?

कानुनको शासन र न्यायिक स्वतन्त्रता हङकङको सफलतामा भर पर्ने अत्यावश्यक तत्वहरू हुन् । HKSAR सँग स्वतन्त्र न्यायिक शक्ति निहित छ, जसमा आधारभूत कानून बमोजिमको अन्तिम निर्णय पनि समावेश छ, जसले विगत 23 वर्षमा हङकङको कानुनी प्रणालीको जगको रूपमा काम गरेको छ । यसका बावजुद, राष्ट्रिय सुरक्षाको रक्षा गर्नु केन्द्रिय निकायहरुको कार्यक्षेत्र भित्रको विषय हो, SAR को लागि उच्च स्तरको स्वायत्तता भित्र पर्दैन । केन्द्रिय सरकारले राष्ट्रिय सुरक्षा सबै परिस्थितिमा र जहाँसुकै सुरक्षित राखिएको छ भनी सुनिश्चित गर्नुपर्छ । HKSAR को क्षमता भन्दा बाहिरका राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने मामिलाहरू सम्हाल्न यसले "निर्दिष्ट परिस्थितिहरूमा" अधिकार क्षेत्र कायम राख्नपर्छ । यसबाहेक, हङकङका अदालतहरूलाई राज्यका कार्यहरूमा कुनै क्षेत्राधिकार छैन; र राष्ट्रिय सुरक्षाको रक्षा गर्न केन्द्रिय अधिकारीहरूले शक्ति प्रयोग गर्नु राज्यको कार्य हो । यो विशेष गरी आधारभूत कानूनको धारा 19 को तेस्रो अनुच्छेदमा निर्दिष्ट गरिएको छ कि "हङकङ विशेष प्रशासनिक क्षेत्रका अदालतहरूलाई रक्षा र विदेशी मामिला जस्ता राज्यका कार्यहरूमा कुनै अधिकार क्षेत्र हुँदैन ।"

राष्ट्रिय सुरक्षा कानून अन्तर्गत, हङकङसँग सम्बन्धित राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने मामिलाहरू कानून प्रवर्तन एजेन्सीहरू र HKSAR को न्यायपालिकाद्वारा सम्हालिनेछ । यस्तो प्रावधानलाई सबैभन्दा ठूलो हदसम्म "एक देश, दुई प्रणाली" प्रकट गर्ने विशेष व्यवस्थाको रूपमा लिइन्छ, र SAR को कार्यकारी र न्यायिक अधिकारीहरूमा केन्द्र सरकारको विश्वास र साथै दुवै प्रकारको कानुनी प्रणालीको सम्मान देखाउँदछ ।

बेसिक ल अनुसार, HKSAR को विभिन्न तहका अदालतहरुका न्यायाधीशहरु प्रमुख कार्यकारीद्वारा कानूनी प्रक्रिया बमोजिम नियुक्ति गरिन्छ । प्रमुख कार्यकारी CPG प्रति उत्तरदायी हुन्छ, त्यसैले राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने अपराधका मुद्दाहरूको सुनुवाइ गर्न उपयुक्त न्यायाधीश नियुक्ति गर्नु प्रमुख कार्यकारीको कार्यक्षेत्रभित्र पर्छ ।यो प्रावधानले न्यायिक स्वतन्त्रतालाई असर गर्दैन ।

न्यायिक स्वतन्त्रता भनेको वास्तवमा मुद्दाहरूको सुनुवाइ गर्दा न्यायाधीशहरू हस्तक्षेपबाट मुक्त हुनु हो, र सम्बन्धित प्रावधानले प्रमुख कार्यकारीले विभिन्न तहका अदालतहरूमा राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने मुद्दाहरूको सुनुवाइका लागि उपयुक्त न्यायाधीशहरूको सूची तोक्ने कुरा मात्र स्पष्ट पार्छ , कुनै विशेष मुद्दाको अध्यक्षता गर्न न्यायाधीश छनोट गर्नुको सट्टा, र प्रमुख कार्यकारीले त्यसो गर्नु अघि HKSAR को राष्ट्रिय सुरक्षाको संरक्षण गर्न समिति र अन्तिम पुनरावेदन अदालतका मुख्य न्यायाधीशसँग परामर्श गर्न सक्छ । यसबाहेक, न्यायाधीशहरूको राष्ट्रियतामा कुनै प्रतिबन्ध लगाइएको छैन, जसले HKSAR को विद्यमान न्यायिक प्रणालीलाई पूर्ण रूपमा सम्मान गर्दछ । (विश्वमा कुनै पनि देश छैन जसले विदेशी नागरिकहरूलाई राष्ट्रिय सुरक्षा सम्बन्धी मुद्दाहरूको अध्यक्षता गर्न न्यायाधीश बन्न दिने प्रचलन अपनाएको छ ।)

राष्ट्रिय सुरक्षा कानूनले HKSAR को क्षेत्राधिकार अन्तर्गतका राष्ट्रिय सुरक्षाका मुद्दाहरू हङकङको हालको कानुनी प्रक्रियाहरू अनुसार प्रशोधन गरिने कुरा पनि स्पष्ट रूपमा उल्लेख गरेको छ । तसर्थ, विशेष मुद्दाहरू सम्बोधन गर्दा, माथिको मनोनीत न्यायाधीशहरूको सूचीबाट न्यायाधीशहरू छनौट गर्ने न्यायपालिकाको हुनेछ । न्यायिक स्वतन्त्रतामा हस्तक्षेप गर्ने कुनै पनि आरोप पूर्णतया आधारहीन छ ।

6

राष्ट्रिय सुरक्षा कानूनको कार्यान्वयनका लागि हङकङ प्रहरी बल र न्याय विभागमा समर्पित विभागहरू किन स्थापना गर्न आवश्यक छ? सम्बन्धित जनशक्ति स्रोत के हुनेछ?

मातृभूमिमा फर्किएदेखि, हङकङले राष्ट्रिय सुरक्षाको संरक्षणका लागि कुनै प्रवर्तन संयन्त्रहरू राखेको छैन । राष्ट्रिय सुरक्षाको रक्षा गर्न, धेरै कामहरू संलग्न हुनेछन्, जस्तै गुप्तचर सङ्कलन, स्थिति विश्लेषण, र मुद्दाहरूको अनुसन्धान र अभियोजनको लागि फाइलिङ; साथै सम्बन्धित कानूनी काम पर्दछ । यसबाहेक, सम्बन्धित कर्मचारीहरूले विशेष तालिम प्राप्त गर्न र सान्दर्भिक अनुभव संकलन गर्न आवश्यक छ । HKSAR सरकारले हाल आवश्यक जनशक्तिको पूर्ण मूल्याङ्कन गर्न सकेको छैन । यद्यपि, राष्ट्रिय सुरक्षा ऐनले प्रमुख कार्यकारीबाट स्वीकृति दिएपछि कर्तव्य पूरा गर्न पर्याप्त स्रोतसाधन उपलब्ध हुने कुरा सुनिश्चित गर्न आर्थिक सचिवले सामान्य राजस्व कोषबाट खर्च र कर्मचारी खर्चको लागि उपयुक्त हुने व्यवस्था गरेको छ ।

7

राष्ट्रिय सुरक्षा कानूनले प्रहरी बललाई थप उपायहरू लिन अनुमति दिन्छ। के यसले पुलिसलाई अत्यधिक शक्ति दिनेछ?

राष्ट्रहरूले राष्ट्रिय सुरक्षामा संलग्न प्रवर्तन एजेन्सीहरूका लागि सबै आवश्यक प्रभावकारी उपायहरू सधैं प्रदान गर्छन् । यसका विभिन्न प्रावधानहरूको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सुरक्षा कानूनमा व्यवस्था गरिएका उपायहरू आवश्यक छन् । राष्ट्रिय सुरक्षा कानूनले प्रमुख कार्यकारीलाई, HKSAR को राष्ट्रिय सुरक्षा संरक्षण गर्न समितिसँग संयुक्त रूपमा अधिकार दिन्छ, राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने कार्यलाई रोक्ने, दमन गर्ने र दण्डित गर्ने कानूनको उद्देश्य हासिल गर्ने उद्देश्यले प्रहरीद्वारा गरिएका उपायहरू लागू गर्ने उद्देश्यले सान्दर्भिक कार्यान्वयन नियमहरू बनाउन हो ।

8

के HKSAR को राष्ट्रिय सुरक्षा संरक्षण गर्न समितिको बैठकमा बस्न केन्द्रिय अधिकारीहरूले तोकेको राष्ट्रिय सुरक्षा सल्लाहकार "सर्वोच्च मास्टर" हुनेछन्?

राष्ट्रिय सुरक्षा केन्द्रिय निकायको कार्यक्षेत्र भित्रको विषय हो । यसमा संलग्न सूचना र परिस्थितिहरूको विश्लेषण स्थानीय सरकारको क्षमता भन्दा बाहिर छ । केन्द्रिय निकायहरूले तोकेका राष्ट्रिय सुरक्षा सल्लाहकारले राष्ट्रिय सुरक्षाको संरक्षणमा HKSAR को कामको बारेमा मात्र सल्लाह दिनेछन्, र प्रमुख कार्यकारीको अध्यक्षतामा HKSAR को राष्ट्रिय सुरक्षाको लागि समितिमा बस्नेछन् ।

9

HKSAR मा CPG को राष्ट्रिय सुरक्षाको लागि कार्यालयलाई कानून प्रवर्तन शक्तिहरू के के हुन्? के कार्यालयका कानून प्रवर्तन अधिकारीहरू HKSAR को कानूनमा बाँधिएका छन्?

कार्यालयको कानून प्रवर्तन शक्तिहरू राष्ट्रिय सुरक्षा कानूनमा स्पष्ट रूपमा तोकिएका छन् र तिनीहरू "निर्दिष्ट परिस्थितिहरूमा" मात्र लागू हुन्छन् ।राष्ट्रिय सुरक्षाको संरक्षणका लागि कार्यालयको काम र कानून प्रवर्तन कार्यहरूले कानूनी प्रावधान, वैधानिक कार्यहरू र वैधानिक प्रक्रियाहरूको कडाईका साथ पालना गर्नुपर्छ ।

राष्ट्रिय सुरक्षा ऐनले पनि कार्यालयले कानून बमोजिम कडाईका साथ कर्तव्य पालना गर्नुपर्ने र कानुनबमोजिम राष्ट्रिय पर्यवेक्षकको निगरानीमा हुनुपर्ने स्पष्ट व्यवस्था गरेको छ । यसले कुनै पनि व्यक्ति वा संस्थाको कानूनी अधिकार रहितमा हनन हुँदैन । कार्यालयका कर्मचारीहरूले पनि HKSAR को कानूनको पालना गर्नुपर्छ ।



10

के राष्ट्रिय सुरक्षा कानूनले विदेशी लगानीकर्ताहरूको विश्वासलाई घटाउनेछ र हङकङको अन्तर्राष्ट्रिय वित्तीय केन्द्रको हैसियतलाई कमजोर बनाउनेछ?

सामाजिक अशान्ति, कानूनको शासनको असफलता, कर्पोरेट सम्पत्ति र व्यक्तिगत सुरक्षाको लागि संरक्षणको अभाव लगानीकर्ताहरूको विश्वासलाई कमजोर पार्ने वास्तविक कारकहरू हुन् ।

वास्तवमा, यी कारकहरू थिए जसले गत वर्ष हङकङको अन्तर्राष्ट्रिय वरीयतामा गिरावट ल्याएको थियो । युनाइटेड किंगडम(बेलायत), संयुक्त राज्य अमेरिका, फ्रान्स, जर्मनी र मुख्य भूमि चीन सबैले राष्ट्रिय सुरक्षा कानून बनाएका छन्, तर हामीले यी देशहरूको आर्थिक विकास र व्यापारिक वातावरणलाई असर गरेको कहिल्यै सुनेका छैनौं । राष्ट्रिय सुरक्षा कानूनले गत वर्षको अराजक अवस्थालाई तुरुन्तै उल्टाउन सक्छ र हङकङमा स्थिरता पुनर्स्थापित गर्न सक्छ, जसले गर्दा हङकङको व्यापार र लगानीको वातावरणमा सुधार हुन्छ । राष्ट्रिय सुरक्षाको संरक्षण भएमा मात्र हङकङले दीर्घकालीन स्थायित्व र सुरक्षाको आनन्द लिन सक्छ भन्ने हाम्रो दृढ विश्वास छ । तसर्थ, कानून हङकङलाई निरन्तर रूपमा आफ्नो शक्तिमा सुधार गर्न, विदेशी प्रतिभाहरूलाई आकर्षित गर्न, अन्तर्राष्ट्रिय वित्तीय केन्द्रको साथसाथै शिपिंग र व्यापारिक केन्द्रको रूपमा आफ्नो स्थितिलाई बलियो बनाउनको लागि अनुकूल हुनेछ ।

देशको संरक्षणको निम्ति सिमा रेखाको रक्षा गर्नुहोस्

"एक देश, दुई प्रणाली" को संरक्षणको लागि राष्ट्रिय सुरक्षाको संरक्षण गर्दै हङकङलाई पुन: सही मार्गमा ल्याउनुहोस् ।